## खण्ड-१. शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश नं. १, नेपाल**
**स्वास्थ्य निर्देशनालय**
**जिल्ला अस्पताल, भोजपुर**
**शिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धि सूचना नं. ०४/०७८-०७९**
**दोश्रो पटक सूचना प्रकाशन मितिः– २०७८/०९/२१ गते**

१. यस जिल्ला अस्पताल भोजपुरको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस अस्पतालमा उपचारार्थ भर्ना भई बेडमा बस्ने बिरामीहरुको लागि मिति २०७८ माघ १ गते देखि २०७९ पौष मसान्तसम्म राशन सामाग्रिहरु शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित क्षेत्रमा काम गर्न ईजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट आपूर्ति गर्न शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

२. खरिद गरिने तपशिलमा उल्लेखित सामाग्रिहरुको बिवरण शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजीम हुनेछ ।

३. शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ता वा निजको अधिकृत प्रतिनिधिले यस जिल्ला अस्पताल भोजपूर, जिल्ला प्रशासन कार्यालय भोजपूर र स्वास्थ्य कार्यालय भोजपूरमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिन अर्थात २०७८/०९/२७ गतेसम्म कार्यालय समय भित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी लिखित आवेदन साथ नेपाली नागरिकताको प्रतिलिपी, आ.व. २०७८/०७९ का लागि नवीकरण गरिएको उत्पादक, फर्म, कम्पनीको दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाण पत्र, आयकर प्रमाण पत्र, स्थायी लेखा नं, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संलग्न राखि खरिद गर्न सक्नेछन् ।

४. शिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न रु.१०००/- फारम दस्तुर यस कार्यालयको कार्यालय कोड नं ३५००४०७०२१, राष्ट्रिय बाणिज्य बैंक, भोजपूरमा रहको खाता नं. १०००२०००१००००, कार्यालयको नाम जिल्ला अस्पताल, भोजपुर, राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरी जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत, कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नुपर्नेछ । दस्तखत नभएको र कार्यालयको छाप नभएको दरभाउपत्र कुनै हालतमा मान्य हुने छैन ।

६. खरिद गरेको दरभाउपत्र सुचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात मिति २०७८/०९/२८ गते बिहान १२:०० बजे सम्म यस जिल्ला अस्पताल भोजपूरमा दाखिल गरि सक्नुपर्नेछ । दाखिल हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे जिल्ला अस्पताल भोजपुरमा खोलिनेछ ।

७. शिलवन्दी दरभाउपत्र दर्ता गर्दा प्रोपाईटर वा आधिकारिक प्रतिनिधीले सहिछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।

८. शिलवन्दी दरभाउपत्र विक्रि गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

९. दर्ता भएका शिलवन्दी दरभाउपत्रहरु कार्यालय प्रतिनिधी र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ । शिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभएमा पनि शिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

कार्यालय प्रमुख

१०. शिलवन्दी दरभाउपत्र पेश गर्दा शिलबन्दी दरभाउपत्रको जमानत बापत यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, भोजपुरमा रहेको प्रदेश धरौटी खाता ख २३, खाता नं. २०४०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्रिय बैंकबाट "क" वर्गको ईजाजतपत्र वाणिज्य बैंकबाट ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत सिलबन्दी दरभाउपत्रसाथ संलग्न गर्नुपर्नेछ ।

११. शिलवन्दी दरभाउपत्रमा कबोल गरेको दररेट अङक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अङक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।

१२. शिलवन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी ४५ दिनको हुनेछ ।

१३. ढिलो गरी प्राप्त अर्थात म्याद नाघी आएको र रीत नपूगेको शिलवन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१४. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरेको शिलवन्दी दरभाउपत्रको फाराम अर्को फर्म, संस्था वा कम्पनीको नामवाट दाखिला गर्न पाईने छैन ।

१५. संझौता अवधि भित्र कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।

१६. शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार खरिद कर्तामा निहित रहनेछ।

१७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार शिलवन्दी दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयंले घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१८. यस सूचनामा छुट हुन गएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन, नियम र कानुन अनुसार हुनेछ ।

१९. शिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य कुनै कुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र जिल्ला अस्पताल भोजपुरको सम्पर्क फोन नं: ०२९–४२०७४९, मो.नं. ९८५२०५२७४९, ईमेल:-hospitalbhp@gmail.com मा सम्पर्क राख्न सकिनेछ । साथै यो सूचना कार्यालयको website: dhbhp.p1.gov.np मा समेत log in गरी हेर्न सकिनेछ ।

## तपशील

| क्र.सं. | ठेक्का नं | कामको विवरण | कुल लागत अनुमान (भ्याट सहित) | जमानत रकम | फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | DHBHP/RASAN/SQ/2/078-079 | राशन खरिद | १३,४३,५१६/२३ | ४०,०००/- | १०००/- |

कार्यालय प्रमुख